# आर्थिक वर्ष २०८०/०८१ को कार्यक्रम तथा बजेट वक्तव्य

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**चौरजहारी नगरपालिका**

**कर्णाली प्रदेश**

**२०८०**

नगरसभाको बैठकमा मिति २०८० असार ०९ गते शनिबार
नगर उपप्रमुख श्री ईश्वरीकुमारी शर्मा, बि.एम्.ज्यूले
प्रस्तुत गर्नुभएको

# आर्थिक वर्ष २०८०/०८१ को कार्यक्रम तथा बजेट वक्तव्य

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

चौरजहारी नगरपालिका
कर्णाली प्रदेश
२०८०

**चौरजहारी नगरपालिकाको यस गरिमामय नगरसभाका अध्यक्षज्यू र सभा सदस्यहरू,**

१. सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको बलिदानीपूर्ण सङ्घर्ष, महान जनयुद्ध, जनआन्दोलन र विभिन्न समयका आन्दोलनबाट प्राप्त उपलब्धिहरुलाई संस्थागत गर्न स्वाभिमानी नेपाली जनताको तागतमा बनेको संविधान सभाबाट निर्मित संविधानअनुसार गठित यस चौरजहारी नगरपालिकाको जननिर्वाचित जनप्रतिनिधहरूको सार्वभौम थलो नगरसभामा चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्न पाउँदा मलाई खुशी लागेको छ ।

२. यस अवसरमा लोकतान्त्रिक गणतन्त्र, सङ्घीयता, समावेशिता, सामाजिक न्यायका लागि जीवन उत्सर्ग गर्नुहुने सबै शहीदहरुप्रति हार्दिक श्रद्धासुमन प्रकट गर्दछु । जनयुद्धका बेपत्ता, घाइते, अपाङ्गता भएका व्यक्ति र आन्दोलनमा स्वाभिमानपूर्वक सहभागी भई योगदान गर्नुहने व्यक्तित्वहरूको स्मरण गर्दै उच्च सम्मान गर्दछु ।

३. साधनस्रोत सीमित छ । आवश्यकताहरू असीमित छन् । गरिबी, अभाव र बेरोजगारीसँग जुँधिरहेको चौरजहारी नगरपालिकाले विभिन्न कारण देशमा देखापरेको आर्थिक मन्दिको पनि सामना गर्नुपरेको छ । सीमित स्रोतसाधनमा हाम्रा सबै आवश्यकता योजना, कार्यक्रम र सीमित बजेटले पूर्ण सम्बोधन गर्न सक्दैन । उत्पादनमार्फत् रोजगारी सिर्जना र गरिवीको अन्त्य, जनताका जनजीविकाका सवाललाई सम्बोधन हुने गरी बजेट तथा कार्यक्रम प्रस्तुत गर्नु हाम्रो दायित्व सम्झेका छौं । शिक्षा, कृषि, स्वास्थ्य, उत्पादन र रोजगारी यस बजेटका मुख्य प्राथमिकता हुन् ।

४. बजेट तर्जुमा गर्दा नेपालको संविधान र कानुन, नेपालको पन्ध्रौं योजना, कर्णाली प्रदेश प्रथम पञ्चवर्षीय योजनाको आधारपत्र, दीगो विकास लक्ष्य, यस सम्मानित सभाले पारित गरेको चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम, नगरसभाका सदस्यहरू, शिक्षक, वुद्धिजीवि, कर्मचारी, व्यापारीसहित आम चौरजहारी नगरवासी जनसमुदायबाट प्राप्त महत्वपूर्ण सुझाव मार्गदर्शनलाई बजेटको प्रमुख आधार बनाइएको छ ।

५. **आर्थिक वर्ष २०८०/०८१ को बजेट प्रस्तुत गर्नुअघि आर्थिक वर्ष २०७९/०८० को यस चौरजहारी नगरपालिकाको बजेट कार्यान्वयन र राजश्वको अवस्था प्रस्तुत गर्दछु ।**

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

६. आर्थिक वर्ष २०७९/०८० का लागि आन्तरिक राजश्वको २ करोड २२ लाख प्रक्षेपण गरिएकोमा हालसम्म २ करोड ६ लाख ७५ हजार ७ सय ३५ मात्र सङ्कलन भएको छ। अनुमानको यो ९३.१३ प्रतिशत प्रगति हो।

७. आर्थिक वर्ष २०७९/०८० मा सङ्घीय सरकारबाट समानीकरण अनुदान ११ करोड ४५ लाख विनियोजन भएकोमा वास्तविक आम्दानी १० करोड १ लाख ८७ हजार ५ सय अर्थात् ८७.५ प्रतिशत रकम प्राप्त भएको छ। सर्सत अनुदान चालुतर्फ संशोधनसहित २५ करोड २३ लाख ९६ हजार विनियोजन भएकोमा २३ करोड ०९ लाख १३ हजार अर्थात् ९१.४९ प्रतिशत वास्तविक आय भएको छ। त्यसैगरी सङ्घको सर्सत अनुदान पुँजीगततर्फ १० करोड ४७ लाख ११ हजार विनियोजन भएकोमा वास्तविक आय ९ करोड ८१ लाख ६१ हजार अर्थात् ९३.७४ प्रतिशत प्राप्त भएको छ। राजश्व बाँडाफाँट अन्तर्गत सङ्घीय सरकारबाट ९ करोड ६६ लाख ४ हजार विनियोजन भएकोमा हालसम्म ६ करोड ६२ लाख ३९ हजार ६५२ अर्थात् ६८.५६ प्रतिशत रकम प्राप्त भएको छ। स्थानीय राजश्व बाँडफाँट घरजग्गा रजिष्ट्रेसन र दहत्तर बहत्तरको १ करोड आय अनुमान गरेकोमा ३६ लाख ३८ हजार ५११ अर्थात् ३६.३८ प्रतिशत मात्र प्रगति भएको छ। बाँडफाँटबाट प्राप्त हुने सवारी साधन कर ७ लाख ५० हजार ३१८ आय अनुमान गरिएकोमा सतप्रतिशत प्रगति भएको छ।

८. प्रदेश सरकारको समानीकरण अनुदान १ करोड १३ लाख २९ हजार आय अनुमान गरिएकोमा शत प्रतिशत प्राप्त भएको छ। प्रदेश समपूरक अनुदान पुँजीगततर्फ १ करोड आय अनुमान गरेकोमा ३९ लाख ७० हजार ६४० अर्थात् ३९.७१ प्रतिशत प्रगति भएको छ। ससर्त अनुदान चालुतर्फ १६ लाख २० हजार आय अनुमान गरिएकोमा १५ लाख ७५ हजार अर्थात् ९७.२२ प्रतिशत प्रगति भएको छ। प्रदेश सर्सत अनुदान पुँजीगततर्फ ६ करोड १० लाख आय अनुमान भएकोमा हालसम्म ३ करोड १२ लाख ६७ हजार रकम अर्थात् ५१.२६ प्रतिशत प्राप्त भएको छ। प्रदेश सरकारबाट विशेष अनुदान ६० लाख विनियोजन भएकोमा ३६ लाख ८६ हजार ५ सय अर्थात् ४१.४४ प्रतिशत रकम प्राप्त भएको जानकारी यस सम्मानित सभामा अवगत गराउँछु।

९. चौरजहारी नगरपालिकाको आर्थिक वर्ष २०७९/०८० मा सम्पन्न गरेका योजना तथा कार्यक्रमहरूको यस सम्मानित सभामा जानकारी गराउँछु। टिनका छाना र कच्ची भवन मुक्त

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

विद्यायलको अवधारणा अनुसार पक्की विद्यालय नभएका विभिन्न १० वटा विद्यालय भवन निर्माण गरिएको छ। जसबाट ४२ वटा पक्की कक्षाकोठा थप गरिएको छ। एक क्याम्पसहित चार वटा विद्यालयहरूमा फिल्ड तथा घेरबार निर्माण गरिएको छ। ३७ वटा विद्यालयसहित नगर कार्यपालिकाको कार्यालय, वडा कार्यालय र स्वास्थ्य संस्थाहरूमासमेत गरी जम्मा ६७ वटा कार्यालयहरूमा इ- हाजिरी जडान गरिएको छ। विद्यालय सञ्चालनको अनुमति पाएका तर शिक्षक दरबन्दी नभएका विद्यायलहरूमा नगर शिक्षक ११५ जना परिचालन गरिएको छ। निजी स्रोत शिक्षक विहीन विद्यालय बनाउने अभियानलाई पूर्णता दिइएको छ। कक्षा ५ सम्म अध्ययनरत विद्यार्थीहरूलाई नगरपालिकाले नि:शुल्क ड्रेस र स्टेशनरी सामग्री प्रदान गर्ने कार्यलाई निरन्तरता दिइएको छ। विद्यालयमा पढ्दै कमाउँदै कार्यक्रम सञ्चालन भएको छ।

**१०.** विभिन्न छ वटा विद्यालयहरूमा ICT ल्याव स्थापना गरिएको छ। KISK EQUP सँगको साझेदारीमा आधारभूत विद्यालय लहरेसिमल र आधारभूत विद्यालय विजयश्वरीमा २० /२० वटा कम्प्युटरसहितको आधुनिक र व्यवस्थित कम्प्युटर ल्याव स्थापना गरि सञ्चालनमा ल्याइएको छ।

**११.** सहज, सुपथ र गुणस्तरीय स्वास्थ्य सेवाको पहुँचका लागि १ हजार २८४ घरपरिवारलाई रु. १ लाखसम्म औषधी उपचार गर्न सकिने गरी नि:शुल्क स्वास्थ्य बिमा कार्यक्रममा आवद्ध गरिएको छ। चौरजहारी अस्पतालसम्म सुत्केरी हुन आउने गर्भवती महिलाहरूका लागि नि:शुल्क एम्बुलेन्स सेवा प्रदान गरिएको छ। मृगौला प्रत्यारोपण गरेका, डायलासिस गराइरहेका, क्यान्सर, मेरुदण्ड पक्षघातका २६ जना बिरामीहरूलाई मासिक रु. ५ हजारका दरले आर्थिक सहयो प्रदान गरिएको छ। चौरजहारी नगरपालिका १ मा ब्लड बैङ्क सञ्चालनका लागि आवश्यक पूर्वाधार निर्माण गरी सञ्चालनको अन्तिम तयारीमा रहेको छ।

**१२.** चौरजहारी नगरपालिका २ मा कर्णाली प्रदेशस्तरीय फुटबल रङ्गशाला निर्माण र सभाहल निर्माणका लागि जग्गा प्राप्ति गर्नुका साथै निर्माण कार्य अगाडि बढाइएको छ। वडा नं. ३ मा ५० शैया र वडा नम्बर ९ मा १५ शैयाको अस्पताल पूर्वाधार निर्माणको काम भइरहेको छ। १ नम्बर वडाको घारीगाउँ र ३ नम्बर वडाको टाटागाउँमा जग्गा एकीकरण (Land Pulling) को प्रक्रिया अगाडि बढाइएको छ।

१३. **'एक घर एक धारा'** खानेपानी आयोजना कार्यान्वयनका लागि भेरीमालिका लिफ्ट खानेपानी आयोजनाको काम सुरु गरिएको छ । विभिन्न ७ वटा खानेपानी आयोजना सम्पन्न गरी जसबाट करिव १५० घरपरिवार लाभांवित भएका छन् । योसँगै नगरपालिकाका करिब ८५ प्रतिशत घरपरिवारमा स्वच्छ र सफा खानेपानीको सुविधा पुऱ्याइएको छ । वडा नम्बर १,२,३ र ४ का ५ युनिटभन्दा कम खानेपानी प्रयोग गर्ने १ हजार घरपरिवारलाई नि:शुल्क खानेपानीको व्यवस्था गर्न खानेपानी संस्थालाई रु. १६ लाख रकम अनुदान प्रदान गरिएको छ ।

१४. नगरपालिकाका सबै सडकहरूको समयमै मर्मत सम्भार गरिएको छ । चौरजहारी बजार, खोलागाउँ, नुवाकोट, कोटजहारीमा कालोपत्रे गर्ने काम अगाडि बढी मध्यपहाडीसहित ३६ किलोमिटर सडक कालोपत्रे गर्ने कार्य अन्तिम चरणमा पुगेको छ । खोलागाउँमा व्यवस्थित बसपार्क निर्माणको काम अघि बढेको छ ।

१५. विभिन्न सिंचाइ कुलो २१ र सिंचाइ पोखरी ५ वटा गरी जम्मा २६ वटा सिंचाइ आयोजना निर्माण भएका छन् । वडा नम्बर ३ मा प्याजको बिउँ उत्पादन, मकै पकेट क्षेत्र र मासुमा आत्मनिर्भरका लागि बाख्रा पकेट क्षेत्र बनाइ कृषि व्यवसायलाई प्रवर्धन गरिएको छ । वडा नं. ८ मा पोषण कार्यक्रमअन्तर्गत विपन्न समुदायलाई आयआर्जनका लागि बाख्रा वितरण गरिएको छ । माहामारीका रुपमा देखापरेको लम्पिस्कीन रोग नियन्त्रणका लागि करिब ४ सय पशुचौपायामा खोप तथा उपचार गरिएको छ ।

१६. लघु उद्यम कार्यक्रमअन्तर्गत वडा नम्बर १०, ११, १२, १३ र १४ मा सिलाइ कटाइ, ब्युलिपार्लर र मुढा बुनाइ सम्बन्धी क्षमता विकास तालिम सञ्चालन गरिएको छ । ८० जना नयाँ उद्यमी सिर्जना गरिएको छ । वडा नम्बर ३ स्यालखोलामा कृषिजन्य उपजको दीगो भण्डारणका लागि चिस्यान गृह स्थापना गरिएको छ । नश्ल सुधारका लागि भैसीमा कृत्रिम गर्भधारण गराउनुका साथै बोयर जातका २० वटा बोकाहरू वितरण गरिएको छ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

१७. मालिकालाई आकर्षक पर्यटकीय गणतव्यका रुपमा विकास गर्न सुरु गरिएको मालिका पर्यटन पूर्वाधारको कामलाई अन्तिम चरणमा पुऱ्याइएको छ। प्याराग्लाइडिङको सफल परीक्षण गरिएको छ। चमेरे गुफाको पूर्वाधार विकासको काम अगाडि बढेको छ।

१८. कला, साहित्य एवम् सांस्कृतिक क्षेत्रको विकासका लागि मयूर नाच, सिंगारु नाच तालिम सञ्चालन गर्नुका साथै दमाह नाच लगायतका संस्कृति प्रवर्धनका कार्यक्रम सञ्चालन गरिएको छ। चौरजहारी नगरपालिका ६ ऐराकेमा सांस्कृतिक सम्मेलनको आयोजना गरी प्रतिभा प्रष्फुटन तथा प्रर्दशनीको अवसर प्रदान गरिएको छ।

१९. नगरपालिका क्षेत्रभित्र गुणस्तरीय, सहज र सुपथ भाडामा आवतजावतको प्रबन्धका लागि नगर बस सेवा सञ्चालन गरिएको छ। चालु आर्थिक वर्षमा सदरमुकाम मुसीकोटसम्म यसको विस्तार गरिएको छ। हाल ५ वटा नगर बस र ३ वटा एम्बुलेन्स सञ्चालनमा छन्। तोकिएका लक्षित वर्ग र समुदायका नागरिकहरूलाई नगर बस र एम्वुलेन्समा विशेष छुटको व्यवस्था मिलाइएको छ।

२०. नगरपालिका क्षेत्रभित्रका २ हजार १० बालबालिका, ७८४ जना दलित बालबालिका, ८० जना 'क' र १०४ जना 'ख' वर्गका अपाङ्गता गरी १८४ जना र ७० वर्ष माथिका जेष्ठ नागरिक १ हजार २१८ सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिएको छ। त्यसैगरी दलित जेष्ठ नागरिक, २४१ जना, विधवा ३८३ र एकल महिला १९२ जनालाई सामाजिक सुरक्षा कार्यक्रममा आवद्ध गरिएको छ।

२१. चौरजहारी नगरपालिकामा पूर्ण विद्युतीकरणको तीव्र बनाइएको छ। वडा नम्बर ६,१३ र १४ मा विद्युतीकरण गरिएको छ। बाँकी वस्तीहरूमा पनि विद्युतीकरण भइहरेको छ।

२२. घर पुनर्निमाण अन्तर्गत वर्षाका कारण भत्किएका ३३ घर पुर्ननिमार्णको काम अगाडि बढाइएको छ। जनता आवास अन्तर्गत छ वटा घर निर्माण गरिएको छ। सुरक्षित नागरिक आवास कार्यक्रम अन्तर्गत २३० वटा घर निर्माण गरिएको छ।

२३. रोजगार सेवाकेन्द्रमा सूचीकृत ५ हजार ४१० बेरोजगार सूचीकृत भएकोमा हालसम्म ५०० जनालाई प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रममार्फत् रोजगारी प्रदान गरिएको छ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

जसअन्तर्गत प्रधानमन्त्री रोजगार कार्यक्रमबाट ३२ र मुख्यमन्त्री रोजगार कार्यक्रमबाट १४ वटा योजनाहरू सम्पन्न भएका छन् ।

२४. नगरपालिकाबाट प्रवाह गरिएको सेवाको सन्तुष्टि सर्वेक्षणका लागि सर्वेक्षण फाराम भर्ने र सोको आधारमा कार्यपालिका बैठकमा छलफल गर्ने व्यवस्था मिलाइएको छ । नगर कार्यपालिकाको कार्यालय परिसरमा नि:शुल्क फोटोकपी सेवा, कल सेन्टर स्थापना, नागरिक वडापत्र र सूचना सम्प्रेणका लागि डिजिटल बोर्डको व्यवस्था गरिएको छ ।

२५. नवीनतम सूचना प्रविधिको उपयोग गर्दै विद्युतीय भुक्तानी प्रणाली (Electronic Fund Transfer) पूर्ण रुपमा लागू गरिएको छ । सार्वजनिक व्यवस्थापन प्रणाली (PAMS) पूर्ण कार्यान्वयन मार्फत् खरिद कार्यलाई व्यवस्थित गरिएको छ । योजना सम्झौता र भुक्तानी, राजश्व सङ्कलन कार्यलाई अनलाइन प्रणालीमा आवद्ध गरिएको छ ।

२६. न्यायीक समितिको क्षेत्राधिकार भित्रका विभिन्न विवाद समाधानका लागि न्यायीक समितिलाई सक्रिय बनाइएको छ । हालसम्म विभिन्न प्रकृतिका ८१ वटा विवादको उजुरी दर्ता भएकोमा ४० वटाको मेलमिलाप गराइएको छ भने ४१ वटा प्रक्रियामा रहेका छन् ।

**यस गरिमामय सभाका सभाध्यक्षज्यू र सभाका सदस्यहरू !**

२७. आर्थिक वर्ष २०८०/०८१ को बजेटका उद्देश्य प्रस्तुत गर्ने अनुमति चाहन्छु ।

(क) नागरिकको मौलिक हकको रुपमा रहेको शिक्षा र स्वास्थ्य क्षेत्रको गुणस्तर प्रवर्धन, विकास, विस्तार र संस्थागत सुदृढीकरण गर्ने,

(ख) उत्पादन र उत्पादकत्व वृद्धि गरी रोजगार र स्वरोजगारका अवसर सिर्जना गर्ने,

(ग) कृषिमा आधारित उद्योगहरू स्थापना गरी कृषिको व्यवसायीकरण, विविधिकरण र यान्त्रीकरण गरी उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने,

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

(घ) आर्थिक विकास, सामाजिक विकास, पूर्वाधार विकास, वन, वातावरण तथा विपद् व्यवस्थापन, संस्थागत विकास र सुशासन प्रवर्धनका क्षेत्रमा लगानी अभिवृद्धि गरी नगरपालिकाको समृद्धि र विकासको लक्ष्य पूरा गर्ने,

(ङ) आर्थिक तथा सामाजिक असमानता र विभेदको अन्त्य गरी मानव अधिकारको संरक्षण र प्रवर्धन गर्ने,

(च) रोजगारीका अवसर सिर्जना गरी औद्योगिक विकास गर्ने एवम् सिपमूलक, व्यवसायीक तथा आयआर्जनमूलक तालिम तथा कार्यक्रम सञ्चालन गरी बेरोजगारमुक्त नगरपालिका घोषणाको आधार तयार पार्ने,

(छ) आर्थिक अनुशासन, नवीन प्रविधिको उपयोग र प्रशासनिक सुधार गरी सुशासन कायम गर्ने,

(ज) भ्रष्टाचारमुक्त, चुस्त र जनमुखी शासन व्यवस्था कायम गर्ने।

२८. **बजेटका उल्लिखित उद्देश्यहरु प्राप्त गर्न देहायअनुसार बजेटका क्षेत्रगत र कार्यक्रमगत प्राथमिकता निर्धारण गरेको छु :**

(क) शिक्षा र स्वास्थ्य क्षेत्रको दीर्घकालीन विकासका लागि भौतिक पूर्वाधार, जनशक्ति व्यवस्थापन, नवीन प्रविधि र संस्थागत क्षमता विकास गर्ने,

(ख) रोजगारमूलक विकास र उद्यमशीलताको माध्यमबाट आधारभूत आवश्यकताको परिपूर्ति गर्दै जीवनस्तरमा सुधार गर्ने,

(ग) कृषि, उद्योग, वन, पर्यटन र निर्माण लगायतका क्षेत्रको पुनरुत्थान गरी उत्पादन एवम् उत्पादकत्व वृद्धि गर्ने,

(घ) सडक, ऊर्जा, खानेपानी, सिंचाइ लगायतका भौतिक पूर्वाधार विकास गर्ने र एउटै आयोजनालाई स्रोत परिवर्तन गरी विभिन्न खण्डमा विभाजन नगर्ने साथै टुक्रे आयोजना तथा कार्यक्रमलाई निरुत्साहित गर्ने,

(ङ) स्यार्युपावर कम्पनीमा सेयर लगानी गरी नगरपालिकाको दीगो आम्दानीको सुनिश्चता गर्ने

(च) सुशासन र सदाचार प्रर्वद्धन गर्ने।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

२९. यस वर्ष **‘स्वरोजगारीका लागि उत्पादनमा वृद्धि : सामाजिक रुपान्तरणसहित आर्थिक समृद्धि’** को नारा तय गरिएको छ । यसको माध्यमबाट **‘आत्मनिर्भर, एकतावद्ध र समृद्ध नगरको निर्माण : चौरजहारी नगरवासीको पहिचान’**को दीर्घकालीन सोच हासिलका लागि टेवा पुग्ने गरी बजेट केन्द्रित गरेको छ । आवधिक योजना, परियोजना बैङ्क र मध्यकालीन खर्च संरचना निर्माण गरी योजनाले लिएका लक्ष्य, उद्देश्य, प्राथमिकता तथा रणनीतिहरू कार्यान्वयन गर्दै गरिबी निवारण र आर्थिक सामाजिक रुपान्तरणसहितको समानुपातिक समावेशी विकास हासिल गर्ने दिशातर्फ कार्यक्रमहरू केन्द्रित गर्ने प्रयास गरेको छ ।

३०. चालु आयोजनाको कार्यान्वयनका लागि सार्वजनिक, निजी, सहकारी र सामुदायिक क्षेत्रसँगको साझेदारीबाट विकास प्रक्रियालाई शीघ्र अगाडि बढाउने कार्यक्रममा जोड दिइएको छ ।

**नगरसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरू !**

अब यस सम्मानित सभा समक्ष आगामी आर्थिक वर्ष २०८०/०८१ को बजेट तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

## आर्थिक क्षेत्र

३१. नेपाल कृषि प्रधान देश हो । कृषिको व्यवसायीकरण आजको आवश्यकता हो । कृषि पेसामा आकर्षण गर्न कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ । नश्ल सुधार कार्यक्रम सञ्चालन गरी पशुपालन व्यवसाय प्रवर्धन गरिने छ । कृषि र पशुपालन व्यवसायका लागि रु. ३ करोड ७७ लाख ७० हजार बजेट विनियोजन गरेको छ । नश्ल सुधारका लागि रु. १ लाख ३८ हजार छुट्याइएको छ।

३२. कृषि रोजगारका साथै आर्थिक वृद्धिको महत्वपूर्ण आधार हो । गरिवी र बेरोजगारी अन्त्यका लागि आयमूलक कार्यक्रम सञ्चालन गरिनेछ । कार्यविधि निर्माण गरी युवा उद्यम कार्यक्रम सञ्चालन गरिनेछ । त्यसका लागि रु. २ करोड विनियोजन गरेको छ । कृषिमा सहलगानी कार्यलाई प्रोत्साहन गरिनेछ । त्यसका लागि रु. ३० लाख विनियोजन गरेको छ ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

## सामाजिक क्षेत्र

**३३.** श्रमप्रति आस्थावान, दक्ष, सचेत र राष्ट्रप्रति वफादार नागरिक तयार गरी सभ्य समाजको निर्माण गर्न शिक्षा क्षेत्रको विकासलाई पहिलो प्राथमिकता दिइएको छ । नगरपालिकाभित्रको शिक्षालाई सबल र गुणस्तरीय बनाउन शिक्षा क्षेत्रमा कुल २१ करोड ८८ लाख अर्थात् ३६.३५ प्रतिशत बजेट विनियोजन गरेको छु ।

**३४.** विद्यार्थी सङ्ख्या अधिक र शिक्षक सङ्ख्या न्यून रहेको यस चौरजहारी नगरपालिकामा शिक्षक विद्यार्थी अनुपात मिलाउन नगर शिक्षक परिचालन गर्ने कार्यक्रमलाई निरन्तरता दिइएको छ । यसका लागि ३ करोड ३० लाख बजेट विनियोजन गरेको छु ।

**३५.** संविधानको मर्मअनुरूप अनिवार्य र नि:शुल्क शिक्षाको प्रत्याभूति हुने गरी चौरजहारी नगरपालिकाले समानता कायम गर्न नि:शुल्क अभ्यासपुस्तिका र पोसाकको व्यवस्था गर्दै आएको छ । उक्त कार्यक्रम अन्तर्गत प्रारम्भिक बालशिक्षादेखि कक्षा ५ सम्मका बालबालिकाहरूका लागि पोसाक र विषयगत अभ्यास पुस्तिका प्रदान गर्ने कार्यलाई निरन्तरता दिइने छ । त्यसका लागि रु. ६० लाख बजेट विनियोजन गरेको छु ।

**३६.** नगरपालिकाको १० वर्षे शिक्षा योजना निर्माणका लागि रु. ३ लाख बजेट विनियोजन गरिएको छ । राम्रा अभ्यासको अनुकरण गरी कार्यक्षेत्रमा लागू गर्न प्रधानाध्यापकहरूको विद्यालय अवलोकन भ्रमणको व्यवस्था मिलाइएको छ । प्रधानाध्यापक तथा शिक्षकहरुको पेसागत सिप विकास, लेखा तथा जिन्सी व्यवस्थापन तालिमका लागि २ लाख बजेट विनियोजन गरेको छु ।

**३७.** नगरपालिका स्तरीय अतिरिक्त क्रियाकलाप सञ्चालन गरिनेछ । विद्यालय स्तरबाट नै खेल प्रतिभाको पहिचान र प्रतिभा प्रष्फुटनको अवसरका लागि नगर प्रमुख कप खेलकुद प्रतियोगिता आयोजना गरिनेछ । त्यसका लागि रु. ७ लाख बजेट विनियोजन गरेको छु । खेलकुद पूर्वाधार

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

निर्माणका लागि वडा नम्बर ७ मा रु. १५ लाख विनियोजन गरेको छु । एकीकृत पाठ्यक्रममा आधारित मूल्याङ्कन कार्यान्वयन सुदृढीकरणका लागि ३ लाख विनियोजन गरेको छु ।

३८. **'सिर्जनशील, इमान्दार, जिम्मेवार र अनुशासीतलाई पुरस्कार र खराबलाई दण्ड'** को नीति अवलम्बन गरिएको छ । उत्कृष्ट काम गर्ने शिक्षक र कर्मचारीहरूलाई वार्षिक रूपमा सम्मानसहित पुरस्कृत गर्ने कार्यक्रम रहेको छ । त्यसका लागि रु. ८० हजार बजेट विनियोजन गरेको छु । स्थानीय पाठ्यक्रमको मर्म अनुरूप विद्यार्थीहरूलाई विद्यालयमा कृषि कर्मको प्रयोगात्मक अभ्यास मिलाइने छ । त्यसका लागि शिक्षासँग श्रम कार्यक्रम अन्तर्गत रु. ३० लाख बजेट विनियोजन गरेको छु ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

३९. विद्यार्थी उपस्थिति दरमा वृद्धि, पोषण अवस्थामा सुधार ल्याउन प्रारम्भिक बालविकास कक्षादेखि कक्षा ६ सम्म दिवा खाजा कार्यक्रम थप व्यवस्थित रूपमा सञ्चालन गरिनेछ । त्यसका लागि रु. १ करोड २२ लाख १९ हजार विनियोजन गरेको छु । छात्राहरूको स्वास्थ्य र सरसफाइ तथा उपस्थिति दरमा वृद्धिका लागि स्यानिटरी प्याड वितरण गर्ने कार्यक्रम रहेको छ । उक्त कार्यक्रमका लागि रू. २२ लाख ३१ हजार विनियोजन गरेको छु ।

४०. प्रतिविद्यार्थी लागतका आधारमा सिकाइ सामग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्था मिलाइएको छ । त्यसका लागि रु. २७ लाख ४५ हजार विनियोजन गरेको छु ।

४१. सामुदायिक विद्यायलमा अध्यननरत छात्रा, दलित र अल्पसङ्ख्यक विद्यार्थीहरूलाई प्रोत्साहन गर्न छात्रवृत्तिको व्यवस्था मिलाइएको छ । त्यसका लागि रु. १७ लाख ७६ हजार विनियोजन गरिएको छ ।

४२. हिमालय माध्यमिक विद्यालय खोलागाउँमा नमुना विद्यालय विकासको काम भइरहेको छ । त्यसका लागि यस वर्ष रु. १ करोड विनियोजन गरेको छु ।

४३. आर्थिक वर्ष २०८०/०८१ मा स्वास्थ्य क्षेत्रमा **'प्रवर्धन गरौं स्वास्थ्य सेवा : स्वस्थ जीवन र दीर्घायु टेवा'** भन्ने नारा अवलम्बन गरिएको छ । उक्त नारालाई सार्थक बनाउन स्वास्थ्य सेवा प्रवर्धनका कार्यक्रम सञ्चालन गरिनेछ । स्वास्थ्य तर्फ कुल ६ करोड १० लाख ६३ हजार अर्थात् कुल बजेटको १०.१४ प्रतिशत बजेट विनियोजन गरिएको छ ।

४४. गरिव, विपन्न दलित, अल्पसङ्ख्यक, सहिद परिवार र जनयुद्धका घाइतेहरूको लागि स्वास्थ्य बिमा गरिनेछ । त्यसका लागि रु. ४५ लाख बजेट विनियोजन गरेको छु । नागरिकलाई आधारभूत स्वास्थ्य सेवाको सहजताका लागि चौरजहारी नगरपालिका १० मा सहिद स्मृति नगर अस्पताल सञ्चालन गरिएको छ । सहिदस्मृति अस्पतालको व्यवस्थापनका लागि १ करोड बजेट विनियोजन गरेको छु । नुवाकोट स्वास्थ्य चौकीको पूर्वाधार निर्माण गरिनेछ । त्यसका लागि रु. ८० लाख विनियोजन गरेको छु ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

४५. पोषण स्वस्थ र दीर्घ जीवनको आधार हो । पोषण प्रवर्धनका लागि बहुक्षेत्रीय पोषण कार्यक्रम सञ्चालन गरिनेछ । त्यसका लागि सङ्घ सरकारसँग साझेदारी गर्न १४ लाख बजेट विनियोजन गरेको छु । समाजसेवाको भावले स्वास्थ्य स्वयंसेवीकाहरू समर्पित छन् । स्वास्थ्य स्वयंसेवीकाहरूको कामको उच्च प्रशंसा गर्दै सम्मानका लागि रु. १० हजार पोसाक भत्तासहित १२ लाख ४० हजार प्रोत्साहन भत्ताको व्यवस्था मिलाइएको छ । चौरजहारी अस्पतालको बाल स्वास्थ्य सेवा, वातावरणीय स्वास्थ्य प्रवर्धन, मनोसामाजिक तथा मानसिक स्वास्थ्यलगायतका कार्यक्रमहरू कार्यान्वयन गर्न रु. १९ करोड ५५ लाख ९७ हजार ४९५ व्यवस्था मिलाएको छु ।

४६. राजनीतिक व्यवस्था परिवर्तनका लागि सहिदहरूको योगदान सदा स्मरणीय छ । सहिद परिवारको सम्मानका लागि रु. २ लाख वियोजन गरेको छु ।

४७. तुलनात्मक रूपमा महिला र दलितहरू श्रम र सीपका धनी छन् । उनीहरूलाई व्यवसायीकरण गर्ने कार्यक्रम अगाडि सारिएको छ । महिला तथा दलित आयआर्जन कार्यक्रम सञ्चालन गर्न रु. ३० लाख बजेट विनियोजन गरिएको छ ।

**४८.** देशको कुल जनसङ्ख्याको आधाभन्दा बढी अंश ओगट्ने महिलाको हक अधिकारलाई संरक्षण र संवर्द्धन गर्न आवश्यक छ । महिलालाई विकासमा मूलप्रवाहीकरण गर्न, राज्यका सबै तह र निकायमा महिलाको पहुँच र प्रतिनिधित्व बढाई सारभूत समानता कायम गर्ने कार्यक्रम सञ्चालन गरिनेछ । महिला सशक्तिकरण कार्यक्रमका लागि आवश्यक बजेटको व्यवस्था मिलाइएको छ ।

**४९.** नेपालको संविधानको २४ धारामा जातीय छुवाछुत तथा भेदभाव विरुद्धको हकको व्यवस्था गरेको छ । छुवाछुत तथा भेदभावजन्य कार्यको अन्त्यका लागि अन्तरजातीय विवाह गर्ने जोडीहरूलाई प्रोत्साहन गर्न प्रति जोडी १ लाखका दरले आवश्यक बजेटको प्रबन्ध मिलाइएको छ ।

**५०.** जेष्ठ नागरिक अनुभवका खानी र ज्यूदा इतिहास हुन् । जेष्ठ नागरिकको सम्मान र सेवाको खाँचो बढ्दै गएको छ । जेष्ठ नागरिकहरूको सम्मानको लागि रु. ५ लाख बजेट विनियोजन गरेको छु । अपाङ्गता भएका व्यक्ति र बालबालिकाहरूको संरक्षण गर्नु हाम्रो जिम्मेवारी हो । त्यसका लागि रु. ५ लाख विनियोजन गरेको छु । जनजाती लक्षित कार्यक्रमका लागि पनि रु. ५ लाख विनियोजन गरेको यस गरिमामय सभामा अवगत गराउँछु ।

**नगरसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरू !**

## पूर्वाधार क्षेत्र

**५१.** उत्पादन योग्य जमिन भएको तर सिंचाइ सुविधाको अभाव रहेको वडा नम्बर १ मा चौरजहारी टारसिंचाइ अन्तर्गत नहर विस्तार गरिनेछ । त्यसका लागि प्रदेश सरकारको ५० लाख र नगरपालिकाको ५० लाख गरी कुल १ करोड बजेट विनियोजन गरेको छु ।

**५२.** सडक विकासको मेरुदण्ड हो । सडकको विकास बिना अन्य विकासका पूर्वाधार निर्माण गर्न सहज हुदैन । सडक निर्माण अन्तर्गत चन्द्रबजार- सानाखोला – जुम्लीपोखरी – उल्लेरी सडक स्तरोन्नती गरिनेछ । त्यसका लागि सङ्घ सरकारसँगको साझेदारीमा काम सम्पन्न हुने गरी रु. १ करोड १० लाख विनियोजन गरेको छु । चौरजहारी नगरपालिका क्षेत्रभित्रका सबै सडकहरूको मर्मत सम्भार

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

तथा स्तरोन्नती गरी बाह्रै महिना चल्ने बनाइनेछ। त्यसका लागि रु. ४० लाख बजेट विनियोजन गरेको छु । प्रदेश सरकारसँगको साझेदारीमा घुघुती नाख्ला सौरैपोखरी तिमीले सडक निर्माण गरिनेछ। त्यसका लागि रु. १ करोड ६ लाख बजेट विनियोजन गरेको छु।

५३. नेपालको संविधानको धारा ३३ ले रोजगारीको हक प्रदान गरेको छ। त्यसको कार्यान्वयनका लागि सङ्घ र प्रदेश सरकारसँगको सहकार्यमा रोजगार कार्यक्रम सञ्चालन गरिने छ। प्रधानमन्त्री र मुख्यमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन पूर्वाधार निर्माणका लागि साझेदारी गरिने छ। त्यसका लागि साझेदारी गर्न रु. ३० लाख बजेट विनियोजन गरेको छु।

**नगरसभाका सभाध्यक्ष महोदय र सभा सदस्यहरू !**

## वातावरण तथा विपद् व्यवस्थापन

५४. विपद् जोखिम रोकथाम, तयारी, राहत तथा पुनस्थापनाको शीघ्र व्यवस्था मिलाइनेछ। उद्धार, राहत तथा पुनस्थापनाको पूर्व तयारी स्वरूप प्रकोप व्यवस्थापन कोषमा रु ५ लाख र विपदबाट क्षति भएका घरहरूको पुर्ननिर्माणका लागि सङ्घ र प्रदेश सरकारसँग साझेदारी गर्न रु. १२ लाख बजेट विनियोजन गरेको छु।

५५. प्रकोप पीडित परिवार, विद्यालय र स्वास्थ्य संस्थाहरू लगायतलाई राहत तथा उद्धार खर्चको व्यवस्था मिलाइएको छ । प्राकृतिक प्रकोपबाट पूर्ण रूपमा विस्थापितहरूलाई जस्तापाता, लत्ताकपडा, त्रिपाल लगायतका सामग्रीको व्यवस्था मिलाउन आवश्यक बजेटको व्यवस्था मिलाएको छु।

## संस्थागत विकास र सुशासन

५६. शान्त, सभ्य र समुन्नत समाज निर्माणका लागि कानुनी सचेतना जरुरी छ। **कानुनको अज्ञानता क्षम्य हुदैन** भन्ने कानुनी सिद्धान्तलाई आत्मसात गर्दै कानुनी सचेतना तालिम सञ्चालन गरिनेछ। उपभोक्ता समिति र श्रम सहकारीमा आवद्ध जनशक्तिको पनि क्षमता विकास गरिनेछ। त्यसका लागि आवश्यक बजेट विनियोजन गरेको छु।

गौरीहरि नगरपालिका, रुकुम (पश्चिम)

**५७.** नगरपालिकाले सञ्चालन गरेका गतिविधि प्रसारणका लागि एफ.एम. रेडियो सञ्चालन गरिनेछ। नगर सेरोफेरो रेडियो कार्यक्रम सञ्चालन गरिनेछ। त्यसको लागि ४ लाख बजेट विनियोजन गरेको छ। सरकारका काम कारबाही खुला र पारदर्शी बनाइ जवाफदेही आवश्यक छ। तीन / तीन महिनामा सार्वजनिक सुनुवाइ गर्न आवश्यक बजेटको प्रबन्ध मिलाएको छ।

**५८.** नगरपालिकाको फोहरमैला व्यवस्थापन, बजार व्यवस्थापन, पार्किङ, सार्वजनिक व्यवस्थापन, राजश्व सङ्कलन, शान्ति सुरक्षा लगायतमा कार्यमा नगर प्रहरी परिचालन गर्न आवश्यक बजेट विनियोजन गरिएको छ।

**५९.** चौरजहारी नगरपालिका क्षेत्रभित्र कार्यक्रम सञ्चालनका लागि गैरसरकारी सङ्घ संस्थासँग साझेदारी र सहकार्य गरिनेछ। गोर्खा वेल्फेयर ट्रस्टसँग सहकार्यमा वडा नम्बर ६ मा दमार खानेपानी आयोजना सञ्चालन गर्न रु. ३५ लाख २४ हजार ५४५ रकम विनियोजन गरेको छ। वडा नम्बर ७ मा नार्जी खानेपानी तथा सरसफाइ आयोजना सञ्चालन गर्न रु. २६ लाख २८ हजार ८१७ बजेटको व्यवस्था गरिएको छ। क्षमता तथा सङ्कटासन्ता विश्लेषण (VCA) का लागि रु. २१ लाख बजेट विनियोजन गरिएको छ। विपद व्यवस्थापन योजनामा रु. ४ लाख रकमसहित गोर्खा वेल्फेयर ट्रस्टमार्फत् ८७ लाख १३ हजार ३६२ रकमको कार्यक्रम कार्यान्वयन गर्ने व्यवस्था मिलाइएको छ।

**६०.** समुदाय स्तरमा मानसिक स्वास्थ्यको क्षेत्रमा थप जनचेतना अभिवृद्धि गर्न मानसिक स्वास्थ्य तथा परामर्श केन्द्रसँग साझेदारी गरिनेछ। त्यसका लागि नगरपालिकाबाट रु. ४ लाख ७४ हजार २४० र मानसिक स्वास्थ्य तथा परामर्श केन्द्र (CMC), नेपालको रु. २७ लाख ४ हजार ८ सय १७ गरी जम्मा रु. ३१ लाख ७९ हजार ५७ बरारबरको रकम कार्यान्वयन हुने व्यवस्था गरेको छ। स्वास्थ्य क्षेत्रका कार्यक्रम प्रवर्धन हुने गरी रुकुमेली समाज विकास केन्द्रसँगको साझेदारीमा ७ लाख ५३ हजार ८५२ रकम कार्यान्वयन गर्ने व्यवस्था मिलाएको छ।

## स्रोत व्यवस्थापन

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**६१.** आगामी आर्थिक वर्ष २०८०/०८१ मा प्रस्ताव गरिएका कार्यक्रम तथा आयोजना कार्यन्वयन गर्न नगरपालिकाको सञ्चित कोषतर्फ रु. **६० करोड १९ लाख १ हजार १ सय** विनियोजन गरेको छु। चालुतर्फ ४६ करोड ८४ लाख ६१ हजार अर्थात् ७७.८३ प्रतिशत विनियोजन गरेको छु । पुँजीगततर्फ १३ करोड ३४ लाख ४० हजार १ सय अर्थात् २२.१६ प्रतिशत विनियोजन गरेको छु। सञ्चित कोष र सङ्घसंस्था समेत गरी चौरजहारी नगरपालिकाको कुल बजेट रु. **८१ करोड १ लाख ४ हजार ८ सय ६६** यस सम्मानित सभामा पेस गर्दछु। चालुतर्फ ५८ करोड ६६ लाख ६४ हजार ७६६ अर्थात् ७४.४१ प्रतिशत रहेको छ। पुँजीगततर्फ २२ करोड ३४ लाख ४० हजार १ सय अर्थात् २७.५८ विनियोजन गरिएको छ।

**६२.** आगामी आर्थिक वर्षको लागि अनुमान गरिएको खर्च व्यहोर्ने स्रोतमध्ये आर्थिक ऐन, शहीदस्मृति नगर अस्पताल कोष, नगर बस एम्बुलेसहित यातायात व्यवस्थापन कोष र विभाज्य कोषबाट प्राप्त हुने समेत गरी जम्मा रु. ३ करोड ६८ लाख १३ हजार प्रक्षेपण गरेको छु । सङ्घ सरकारको समानीकरण अनुदान १० करोड ९ लाख रहेको छ। सर्सत अनुदान सङ्घ सरकारको चालुतर्फ २३ करोड ५६ लाख रहेको छ। सर्सत अनुदान पूर्जीँगततर्फ सङ्घ सरकारको २ करोड ५३ लाख रहेको छ। त्यसैगरी समपूरक अनुदान पूर्जीँगत सङ्घ सरकारको ५५ लाख प्राप्त भएको छ। विशेष अनुदान पुँजीगततर्फ सङ्घ सरकारको ८० लाख रहेको छ। सङ्घको राजश्व बाँडफाँडतर्फ ९ करोड ४६ लाख ५९ हजार १०० अनुमान गरिएको छ।

चौरजहारी नगरपालिका, रुकुम (पश्चिम)

**६३.** राजश्व बाँडफाँट स्थानीय सरकारको दहत्तरबहत्तर शुल्क वापत् रु. ३० लाख र मालपोत रजिष्ट्रेशन शुल्क रु. ५० लाख गरी रु. ८० लाख राजश्व अनुमान गरिएको छ। कर्णाली प्रदेशको समानीकरण अनुदान प्रदेश सरकारबाट १ करोड १३ लाख २९ हजार र सर्सत अनुदान चालु प्रदेश सरकारबाट रु. ४ करोड ३८ लाख १३ हजार रहेको छ। सर्सत अनुदान पूँजीगत प्रदेश सरकार २ करोड १० लाख, विशेष अनुदान चालु प्रदेश सरकार ३० लाख र समपूरक अनुदान पूँजीगत १ करोड ३ लाखको स्रोत परिचालन हुनेछ। प्रदेश सवारी साधनबाट ६ लाख ९७ हजार ५१५ आय अनुमान गरिएको छ । शहीद स्मृति नगर अस्पताल आन्तरिक स्रोत ७१ लाख रहेको छ । योजना तथा कार्यक्रमहरूको विस्तृत विवरण **अनुसूची-१** मा उल्लेख गरेको व्यहोरा सम्मानित सभामा अवगत गर्दछु।

६४. **अन्त्यमा,** यो बजेट तथा कार्यक्रमका लागि महत्वपूर्ण सल्लाह, सुझाव र परामर्श दिएर सहयोग गर्नुहुने अग्रज व्यक्तित्व, नगर कार्यपालिका र नगर सभाका सदस्यहरू, सबै राजनीतिक दल एवम् भातृसङ्गठनका प्रतिनिधिहरू, राष्ट्रसेवक कर्मचारीहरू, शिक्षक, वुद्धिजीविहरू, सुरक्षाकर्मी, निजी क्षेत्र, नागरिक समाज, सञ्चारकर्मी, सम्पूर्ण जनसमुदाय  लगायत सबैमा हार्दिक आभारसहित धन्यवाद व्यक्त गर्दछु ।

**धन्यवाद !**

चौरजहारी नगरपालिका, रूकुम (पश्चिम)